## ९५ औं सचिव बैठक – आश्विन १७, २०७८

निर्णयहरु :

१. आर्थिक वर्ष २०७८/७९ को प्रदेश सरकारको बजेट सम्वन्धी विधेयक ल्याउन सवै मन्त्रालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन पठाइसकेको र सो सम्वन्धमा मन्त्रालयत छलफल समेत सकिएको सन्दर्भमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट तोकिएको मिति र समय भित्र सवै मन्त्रालयहरुले बजेट निर्माण प्रक्रिया पुरा गरिसक्ने।

२. सबै मन्त्रालयहरुले आफ्नो मन्त्रालय सम्वन्धित प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरुको यथासमय मै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाइ सो को कार्यान्वयन अवस्थाको अनुगमन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत प्रतिवेदन पठाउने व्यवस्था मिलाउने। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्णयहरुको समग्र कार्यान्वयन अवस्थाको अनुगमन गर्ने व्यवस्था मिलाउने।

३. मन्त्रालयहरुले प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्तावहरुको आवश्यकताका आधारमा प्रस्तावको विश्लेषण समेत पेश गर्ने व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिलाउने।

४. उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले सबै सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा उपभोक्ता हित, संरक्षण र प्रवर्द्धनका कार्य र क्रियाकलापहरु नियमित सञ्चालन हुने व्यवस्था मिलाउने। निजी क्षेत्र, उपभोक्ता हित संरक्षण समिति, स्थानीय प्रशासन लगायतका सरोकारवालाहरुको सहभागितामा प्रचलित कानूनबमोजिम नियमित बजार अनुगमनको प्रवन्ध मिलाउने ।

५. प्रदेशमा कोभिड-१९ को संक्रमण र जोखिम नियन्त्रण गर्न नजिकिंदो चाडवाडका कारण बजार र सार्वजनिक सवारी साधनहरुमा हुनेसक्ने नागरिक भिडभाड नियन्त्रण र व्यवस्थित गर्ने प्रवन्ध आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयसँग समेत समन्वय गरी आवश्यक व्यवस्था मिलाउने।

६. प्रदेश सरकारबाट प्रदान गरिने अनुदान वास्तविक लक्षित व्यक्ति वा समूहलाई दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्था मिलाउन एकिकृत अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था आर्थिक मामिला तथा सहकारी मन्त्रालय र सम्वन्धित

मन्त्रालयले मिलाउने। वितरण व्यवस्थालाई सरल, सहज पहुँच र व्यवस्थित वनाउन प्रभावकारी सूचना प्रणालीको व्यवस्था गर्ने।

७. प्रदेश सरकार कार्यविभाजन नियमावली संशोधन भै पुनर्गठित र नया स्थापना भएका मन्त्रालयहरुको वेवसाईट अविलम्व निर्माण तथा अद्यावधिक गर्ने व्यवस्था सवै मन्त्रालयले मिलाउने।

८. प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम मन्त्रालयगत रुपमा हस्तान्तरण गर्नुपर्ने सम्पति दायित्व, जनशक्ति र कार्यजिम्मेवारी यथासीघ्र हस्तान्तरण गर्ने व्यवस्था सबै मन्त्रालयहरुले मिलाउने।

९. कार्यजिम्मेवारीमा हेरफेर भएका र नया स्थापना भएका मन्त्रालयहरुको कार्यजिम्मेवारी र कार्यवोझ विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिलाउने।

१०. प्रदेश सरकारका मन्त्रालय र मातहत निकायले आर्थिक अनुशासन कायम गरी कार्यसम्पादन गर्ने, गराउने। विद्यमान रहेको बेरुजु सम्परिक्षण गर्ने, फर्छयौट गर्ने, नियमति गर्ने कार्यलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने।

११. नियमनकारी निकायहरुबाट भएका परिपत्र, निर्देशन, प्रतिवेदन, निर्णय कायान्वयन लगायतका कार्यहरुलाई सम्वोधन गर्न सवै मन्त्रालयहरुले एक जना फोकल पर्सन तोकी सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने।

१२. प्रदेश सरकार मन्त्रिपरिषद्को राजधानी व्यवस्थापनका लागि जग्गा व्यवस्थापन गर्न कार्यदल गठन गर्ने निर्णयबमोजिम पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयले जग्गा प्राप्ति सम्वन्धी कार्यलाई सीघ्रताका साथ अगाडि वढाउने।

१३. प्रदेश मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारीहरुले आफुबाट सम्पादित कार्यको विवरण तयार गरी सुपरिवेक्षक समक्ष साप्ताहिक रुपमा पेश गर्ने व्यवस्था सबै मन्त्रालयले मिलाउने। प्रदेश सरकारका सबै सचिवहरुले साप्ताहिक रुपमा सम्पादित कार्यको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ईमेल: Info.ocmcm@lumbini.gov.np मार्फत प्रमुख सचिव समक्ष पेश गर्ने।

१४. कार्यजिम्मेवारीमा हेरफेर भएका मन्त्रालय र नयाँ स्थापना भएका मन्त्रालयहरुले निर्माण गर्नुपर्ने कानूनहरुको पहिचान गरी कार्ययोजना सहित कानून निर्माण गर्ने व्यवस्था मुख्यमन्त्री

१५. प्रदेशमा गुणस्तरीय शासकीय प्रवन्धका लागि सुशासन प्रवर्द्धन र सार्वजनिक खर्च प्रणालीलाई व्यवस्थित गर्न सबै मन्त्रालयहरुले आन्तरिक नियन्त्रण पद्धतिको निर्माण गरी कार्यान्वयनमा ल्याउने।

१६. प्रदेशका मन्त्रालय/निकायहरुबाट सञ्चालन हुने बैठक तथा सार्वजनिक समारोहलाई व्यवस्थित र प्रभावकारी वनाउन बैठक तथा सार्वजनिक समारोह सञ्चालन तथा व्यवस्थापन मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

१७. प्रदेशमा नीति कार्यक्रम बजेट योजनाको अपेक्षित उपलब्धि हासिल गर्न र नतिजामूलक तरिकाले सञ्चालन गरी समग्र शासकीय प्रवन्धलाई व्यवस्थित र प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शासकीय सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने।

१८. प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय भएबमोजिम कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयले प्रदेशको कृषि विकास सम्वन्धी नीति र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयले प्रादेशिक शिक्षा नीतिको मस्यौदा तयार गरी पेश गर्ने।